राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २२९ २०८२ चैत्र १० गते मंगलवार (24 March. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## महिला आयोगमा न्याय माग्दै प्रदर्शन




दैनिक समाचारदाता

काठमाडौँ ९ चैत । हिंसापीडित महिलाका लागि न्याय माग गर्दै पीडित पक्षले राष्ट्रिय महिला आयोगमा नाराबाजी गरेका छन्। 'महिला अधिकार सुनिश्चित गर', 'महिला हिंसा अन्त्य गर', 'महिला आयोग किन चुप ?', 'इनिशा विक र रेश्मिका परियारलाई न्याय देऊ', 'छोरी-चेलीको रक्षा गर' जस्ता नारासहित उनीहरूले महिला आयोग परिसरमा प्रदर्शन गरेका हुन्। सुर्खेतकी इनिशा विकमाथि भएको बलात्कारपछि हत्या घटनाको शीघ्र छानबिन गर्नुपर्ने तथा खोटाङकी रेश्मिका परियारमाथि भएको बलात्कारपछि हत्या घटनामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेका छन्।

माइतीघर मण्डलामा धर्ना बस्दासमेत न्यायका लागि सुनुवाइ नभएको गुनासो गर्दै पीडित पक्षले महिला आयोगको ध्यानाकर्षण गराएका हुन्।

पीडित पक्षको मागमा खोटाङ सेवा समाजले ऐक्यबद्धता जनाएको सचिव नवराज रोकाले जानकारी दिए। उनका अनुसार पीडितले यथाशीघ्र न्याय पाउनुपर्ने र दोषीलाई कडाभन्दा कडा सजाय दिनुपर्ने माग गरिएको छ।

## सरोज सिंहविरुद्ध मुद्दा स्थगित




दैनिक समाचारदाता

काठमाडौँ ९ चैत । मधेस प्रदेशका पूर्व राज्यमन्त्री तथा निलम्बित सांसद सरोज कुमार सिंहसहितको भ्रष्टाचार मुद्दाको सुनुवाइ स्थगित भएको छ। सोमबार सरकारी वकिलका तर्फबाट मुद्दाको सुनुवाइ स्थगित गराइएको हो।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र न्यायाधीश विदुर कोइरालाको इजलासमा उक्त मुद्दाको सुनुवाइका लागि पेसी तोकिएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिंहविरुद्ध ३८ लाख ५० हजार ३ सय १९ रुपैयाँ बिगो मागदाबी गरेको छ। उपभोक्ता समितिको खातामा जम्मा भएको रकम आफ्ना स्वकीय सचिव विनोद कुमार लाल कायस्थमार्फत झिक्न लगाई उक्त रकम आफ्नै तथा श्रीमतीको संयुक्त खातामा जम्मा गरी हिनामिना गरेको आरोप आयोगले लगाएको छ।

उक्त मुद्दामा अन्य प्रतिवादीहरूमा रमेश मडर, अमलेश कुमारी, दिपाराज देवी राजपूत, भिखारी राउत कुर्मी, भूपेन्द्र कुमार झा, मञ्जु देवी पासमान, रामनाथ सहनी, स्वीकृति देवी, रामशरण खत्वे, बिभा देवी खत्वे, शम्भु कुमार मण्डल, योगिन्द्र महतो, सुनयना कुमारी, यमुना प्रसाद महतो र कौशिल्या देवी रहेका छन्।

## दलित बालिका एक सातादेखि बेपत्ता

# स्थानीयद्वारा चक्काजाम, अवस्था सार्वजनिक गर्न माँग

सप्तरीको सुरुङ्गा नगरपालिका-३ की १४ वर्षीया दलित बालिका एक सातादेखि बेपत्ता भएपछि स्थानीय आन्दोलित भएका छन् । बालिकाको अवस्था सार्वजनिक गर्न माग गर्दै परिवार र स्थानीयले पूर्व-पश्चिम राजमार्गमा करिब तीन घण्टा चक्काजाम गरेका हुन् । गर्भवती रहेको भनिएकी बालिकाको खोजीका लागि प्रहरीमा जाहेरी दिँदा पनि पर्याप्त पहल नभएको आरोप लगाइएको छ।



दैनिक समाचारदाता

सप्तरी, ९ चैत । बेपत्ता पारिएको एक बालिकाको अवस्था सार्वजनिक गर्न माग गर्दै स्थानीय बासिन्दा आन्दोलित भएका छन्। बालिकाको खोजी गरी तत्काल जानकारी सार्वजनिक गर्न माग गर्दै परिवार र स्थानीयहरूले पूर्व-पश्चिम राजमार्गअन्तर्गत सुरुङ्गा नगरपालिका-८, करडबोनामा आइतबार करिब तीन घण्टा चक्काजाम गरेका छन्।

सुरुङ्गा नगरपालिका-३, लक्ष्मीपुरकी १४ वर्षीया दलित बालिका एक सातादेखि बेपत्ता रहेको जनाइएको छ। सात महिनाकी गर्भवती रहेको भनिएकी बालिकाको खोजी तथा न्यायको माग गर्दै आफन्तले प्रहरीमा किटानी जाहेरी दिएका भए पनि पर्याप्त चासो नलिएको स्थानीयको आरोप छ।

दलित अगुवाहरूको नेतृत्वमा ठूलो सङ्ख्यामा स्थानीयले इलाका प्रहरी कार्यालय कडरबोना अगाडि प्रदर्शन गर्दै बालिकाको अवस्था सार्वजनिक गर्न, दोषीलाई पक्राउ गर्न र निष्पक्ष छानबिन गर्न माग गरेका थिए। सुरुङ्गा नगरपालिका-३ का वडाध्यक्ष किरणकुमार पोखरेलले दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने बताएका छन्।

मानवअधिकारकर्मीहरूले घटनालाई केवल बेपत्ता प्रकरण नभई नाबालिगमाथि यौन शोषण र सामाजिक अन्यायसँग जोडिएको गम्भीर विषयका रूपमा लिएका छन्। स्थानीय अधिकारकर्मी दिपेन्द्र पासवानले संवेदनशीलता र तीव्रताका साथ अनुसन्धान अघि बढाउन राज्यका निकायलाई आग्रह गरेका छन्।

आफन्तका अनुसार बालिका करिब १० वर्षदेखि महेश्वर यादवको घरमा घरेलु कामदारका रूपमा बस्दै आएकी थिइन्। पछिल्लो समय उनी गर्भवती रहेको खुलेपछि ३० फागुनयता अचानक सम्पर्कविहीन बनाइएको आशंका गरिएको छ। परिवारले उनलाई अन्यत्र लगेर गर्भपतन गराइएको र लुकाइएको हुन सक्ने आशंका व्यक्त गरेको छ।

सप्तरीका प्रहरी प्रवक्ता डिएसपी डम्बरबहादुर पुरीका अनुसार बालिकालाई उनकी दिदीले लगेको भन्ने प्रारम्भिक सूचना प्राप्त भएको छ। उनले बालिकाको खोजीका लागि प्रहरी परिचालन गरिएको र फेला परेपछि आवश्यक स्वास्थ्य परीक्षण तथा थप अनुसन्धान अघि बढाइने जानकारी दिए।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:


*विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप ) आदिको अधिक प्रयोगले:*

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेशमा बजेट खर्चको संकट

मधेश प्रदेशमा विकास र समृद्धिको सपना अझै कागजमै सीमित भइरहेको यथार्थ फेरि एकपटक उजागर भएको छ। चालु आर्थिक वर्षको आठ महिना बितिसक्दा समेत जम्मा ६.७१ प्रतिशत मात्र पूँजीगत खर्च हुनु कुनै सामान्य तथ्य होइन, यो गम्भीर प्रशासनिक असक्षमता र राजनीतिक अस्थिरताको प्रत्यक्ष संकेत हो। आर्थिक वर्ष समाप्त हुन अब चार महिना मात्र बाँकी रहँदा यस्तो न्यून खर्चदरले प्रदेशको विकास योजनाहरू कति प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् भन्ने प्रश्न झन् गम्भीर बनेको छ।

मधेश प्रदेशको चालु आर्थिक वर्षको कुल बजेट ३० अर्बभन्दा बढी रहेको छ। तर चालु खर्चतर्फ पनि सन्तोषजनक प्रगति देखिएको छैन। फागुन मसान्तसम्म करिब २० प्रतिशत मात्र खर्च हुनु आफैंमा चिन्ताजनक अवस्था हो। अझ पूँजीगत खर्चको अवस्था त झनै कमजोर छ, जुन विकास निर्माणसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। यसले स्पष्ट संकेत गर्छ कि प्रदेश सरकारको प्राथमिकता, योजना निर्माण र कार्यान्वयनबीच गम्भीर असन्तुलन रहेको छ।

यस अवस्थाको मुख्य कारण राजनीतिक अस्थिरता हो। बारम्बार सरकार फेरबदल हुनु, सत्ता गठबन्धनको निरन्तर परिवर्तन र नेतृत्वमा स्थायित्वको अभावले प्रशासनिक संयन्त्र नै कमजोर बनेको छ। जब सरकार स्थिर हुँदैन, नीति निरन्तरता पनि रहँदैन। फलस्वरूप योजनाहरू अधुरा रहन्छन्, निर्णय प्रक्रिया ढिलो हुन्छ र बजेट कार्यान्वयन प्रभावित हुन्छ।

अर्को महत्वपूर्ण पक्ष प्रशासनिक कमजोरी हो। प्रदेशका धेरै मन्त्रालयहरूमा सचिव तथा कर्मचारीको अभाव हुनु, निमित्तको भरमा मन्त्रालय सञ्चालन हुनु, र जिम्मेवार पदाधिकारीहरूको बारम्बार सरुवा हुनु जस्ता प्रवृत्तिले कामको निरन्तरता भंग भएको छ। कतिपय अवस्थामा सचिवहरू बिना जानकारी विदामा बस्ने वा सरुवा हुने जस्ता व्यवहारले प्रशासनिक अनुशासनमाथि नै प्रश्न उठाएको छ। यस्तो अवस्थामा विकास योजना प्रभावकारी रूपमा अघि बढ्ने अपेक्षा गर्नु असम्भवजस्तै देखिन्छ।

योजनाहरूको छनोट र कार्यान्वयन प्रक्रिया पनि विवादरहित छैन। उपभोक्ता समिति मार्फत काम गराउने प्रचलनले पारदर्शिता र गुणस्तरमा प्रश्न उठाएको छ। यसबाहेक मन्त्री, सचिव र कर्मचारीबीच समन्वयको अभावले कार्यक्षमता अझ घटाएको छ। विकास निर्माणका योजनाहरू भद्रगोल अवस्थामा रहनु, समयमै काम सम्पन्न नहुनु र बजेट खर्च हुन नसक्नु यही अव्यवस्थाको परिणाम हो।

यो समस्या नयाँ भने होइन। अघिल्लो आर्थिक वर्षमा पनि मधेश प्रदेशले कुल बजेटको १८.७ प्रतिशत मात्र खर्च गर्न सकेको तथ्यले यो दीर्घकालीन समस्या भएको पुष्टि गर्छ। वर्षेनी दोहोरिँदै आएको यस्तो अवस्था सुधारका लागि गम्भीर आत्मसमीक्षा आवश्यक छ। अब प्रश्न उठ्छ–समाधान के त? पहिलो, राजनीतिक स्थायित्व सुनिश्चित गर्नुपर्नेछ। सरकार गठन र गठबन्धन परिवर्तनलाई स्थिर र दीर्घकालीन बनाउन सकिएन भने विकासको गति कहिल्यै अघि बढ्न सक्दैन। दोस्रो, प्रशासनिक सुधार अनिवार्य छ। दक्ष र जिम्मेवार कर्मचारी व्यवस्थापन, सरुवामा पारदर्शिता, र कार्यसम्पादन मूल्यांकन प्रणालीलाई कडाइका साथ लागू गर्नुपर्छ। तेस्रो, योजना छनोट र कार्यान्वयन प्रक्रियामा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ।

मधेश प्रदेशको विकास केवल बजेटको आकारले होइन, त्यसको प्रभावकारी कार्यान्वयनले तय हुन्छ। यदि यस्तै ढिलासुस्ती, अस्थिरता र अव्यवस्था जारी रहने हो भने विकासका लक्ष्यहरू सधैं अधुरै रहनेछन्। त्यसैले अब शब्दभन्दा काममा ध्यान दिनुपर्ने बेला आएको छ।

# नेता पदले होइन, भूमिकाले बनाउँछ



हरिबोल गजुरेल

राजनीतिक नेतृत्वमा तीन गुण– ज्ञान, इमानदारी र चातुर्य अपरिहार्य हुन्छन्। यी गुणहरूको अभावमा सबल र सक्षम नेतृत्व अगाडि आउन सक्दैन। त्यसैले यी तीनै गुणले सम्पन्न नेतृत्व विरलै पाइन्छ। माओ जे दुङ्ले चिनियाँ किंवदन्तीका पात्र 'छुके ल्याङ' जस्ता व्यक्तित्व व्यवहारतः पाउन कठिन हुने बताएका छन्। यही कारणले कम्युनिष्टहरू सामूहिक नेतृत्व प्रणालीमा विश्वास गर्छन्।

राजनीतिमा पद र नेतृत्व एउटै कुरा होइनन्। पद भनेको संस्थागत संरचनाभित्रको औपचारिक जिम्मेवारी हो, तर नेतृत्व भनेको समाज र इतिहासको आवश्यकतासँग जोडिएको वास्तविक भूमिका हो। त्यसैले पदमा बसेको मानिस स्वतः नेता हुँदैन, र पदमा नभएको मानिस नेता हुन सक्दैन भन्ने पनि होइन। अन्ततः नेतृत्व विचार, साहस, पहल र प्रभावबाट स्थापित हुन्छ।

> विश्व राजनीतिक इतिहासमा यस्ता अनेक उदाहरण छन्, जहाँ व्यक्तिहरुले औपचारिक राज्यसत्ता सम्हालेका थिएनन्, तर उनीहरूको वैचारिक र राजनीतिक प्रभाव अत्यन्त गहिरो थियो।

नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासले पनि यही कुरा पुष्टि गर्छ। विशेषगरी जनविद्रोहको समयमा धेरै नेताहरू पदका कारण होइन; आफ्नो भूमिका, प्रतिबद्धता र जनतासँगको सम्बन्धका कारण स्थापित भएका थिए। त्यतिबेला पदभन्दा आन्दोलनको उद्देश्य र विचार नै नेतृत्वको वास्तविक आधार बनेको थियो।

विश्व राजनीतिक इतिहासमा पनि यस्ता अनेक उदाहरण छन्, जहाँ व्यक्तिहरूले औपचारिक राज्यसत्ता सम्हालेका थिएनन्, तर उनीहरूको वैचारिक र राजनीतिक प्रभाव अत्यन्त गहिरो थियो।

कतिपयले कहिल्यै सरकारको पद सम्हालेनन्, तर उनका विचारहरूले विश्व कम्युनिष्ट आन्दोलनको बौद्धिक आधार निर्माण गरे। यसले स्पष्ट देखाउँछ- नेतृत्वको वास्तविक स्रोत पद होइन, विचार र भूमिका हो।

जसरी र जे गरेर पनि पद प्राप्त गर्नु र नछाड्नु नै लक्ष्य हो भन्ने सोच गलत हो। त्यस्तै, पद र भूमिकाप्रति पूर्ण उदासीन हुनु पनि उचित होइन। स्वस्थ महत्त्वाकांक्षा सकारात्मक हुन्छ, जसले मानिसलाई ठूलो जिम्मेवारी लिन, जोखिम उठाउन र परिवर्तनका लागि पहल गर्न प्रेरित गर्छ।

कहिलेकाहीं मानिस पदमा त हुन्छ, तर उसले निभाउनुपर्ने ऐतिहासिक जिम्मेवारी पूरा गर्न सक्दैन।

यस्तो अवस्था नेतृत्वको संक्रमणकाल हो। यो संकट बाह्य कारणले मात्र होइन; बदलिंदो परिस्थितिलाई समयमै नबुझ्दा, वैचारिक स्पष्टता कमजोर हुँदा वा संगठनात्मक पहल कमजोर हुँदा पनि उत्पन्न हुन्छ।

नेतृत्व भनेको केवल पदको अधिकार प्रयोग गर्ने कुरा होइन। नेतृत्व भनेको समाजलाई नयाँ दिशा दिने क्षमता हो; अन्याय, विसंगति र वैचारिक विचलनका विरुद्ध आवाज उठाउने साहस हो र कठिन परिस्थितिमा पनि सही पक्षमा उभिने प्रतिबद्धता हो।

लोभ-लालच, आश-त्रास, अति विश्वास र अति शंका जस्ता प्रवृत्तिबाट मुक्त हुन नसक्ने, तथा 'विद्रोह गर्नु अधिकार हो' भन्ने मार्क्सवादी मान्यतालाई आत्मसात् गर्न नसक्ने व्यक्ति साँचो अर्थमा कम्युनिष्ट हुन सक्दैन। यस्ता कमजोरीहरूबाट जोगिन नसक्दा माओवादी आन्दोलन कमजोर बन्दै गएको र नेतृत्वमा पतन देखिएको तथ्य सर्वविदित छ।

आन्दोलनको जग हल्लिएको अवस्थामा नयाँ शिराबाट पहल लिनु बाँकी रहेका क्रान्तिकारीहरूको दायित्व हो। तर कसैले पनि 'पानी माथि ओभानो छु' भन्ने दाबी गर्न मिल्दैन। राजनीतिक जीवनमा आत्मसमीक्षा अपरिहार्य छ। आफ्ना अनुभवहरूको मूल्यांकन, कमजोरीहरूको स्वीकारोक्ति र नयाँ परिस्थितिमा नयाँ भूमिका खोज्ने प्रक्रियाबाटै नेतृत्वको पुनर्निर्माण सम्भव हुन्छ।

आजको सन्दर्भमा स्पष्ट हुनुपर्छ- नेता पदले होइन, भूमिकाले बनाउँछ। समाज, राजनीति र इतिहासले मागेको भूमिका निर्वाह गर्न सकियो भने नेतृत्व स्वतः स्थापित हुन्छ। पद त्यसको परिणाम हुन सक्छ, तर आधार सधैं भूमिका नै हो।

बारम्बार नेतृत्व गर्ने अवसर पाएर पनि पार्टी र आन्दोलनलाई बचाउन नसक्ने, तर 'म नभए पृथ्वी घुम्दैन' भन्ने सोच राखेर नेतृत्वमा लिसो टाँसिए जस्तै टाँसिइरहनु उचित होइन। नेतृत्वमा यस्तो सत्ता-लिप्सा जनविद्रोहपछि देखिनु चिन्ताजनक छ। आन्दोलनको मर्मलाई आत्मसात् गर्न नसक्दा यस्तो नियति उत्पन्न भएको हो।

अन्ततः राजनीति पदको प्रतिस्पर्धा मात्र होइन; यो विचार , जिम्मेवारी र इतिहासप्रतिको उत्तरदायित्वको क्षेत्र हो। पद क्षणिक हुन सक्छ, तर भूमिका इतिहासमा दर्ता हुन्छ। नेतृत्व कसैलाई टिको लगाएर दिइने वस्तु होइन। जो मानिसले समयले मागेको भूमिका पूरा गर्न सक्छ, इतिहासले अन्ततः नेतृत्वको मान्यता पनि उसैलाई दिन्छ।

*गजुरेल, नेपाली कम्युनिष्ट पार्टीको पूर्वनेता हुन्।*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ह्वाट्सएपमा नयाँ फिचर

# मेसेज पढेपछि आफैं डिलिट हुने

विश्वमा करिब ३ अर्ब ३० करोड सक्रिय प्रयोगकर्ता रहेको लोकप्रिय मेसेजिङ प्लेटफर्म ह्वाट्सएपले एउटा बहुप्रतिक्षित प्राइभेसी फिचर ल्याउने भएको छ।




हालसम्म केवल फोटो र भिडियोका लागि मात्रै सीमित रहेको भ्यू वन्स फिचर अब टेक्स्ट मेसेजमा समेत उपलब्ध हुनेछ। अर्थात्, ह्वाट्सएपमा एकपटक मेसेज पढ्ने बित्तिकै त्यो टेक्स्ट मेसेज स्वतः आफैं डिलिट हुने फिचर आउन लागेको हो।

डब्लुए बेटाइन्फोको रिपोर्ट अनुसार ह्वाट्सएपको नयाँ बीटा संस्करणमा आफ्टर रिडिङ नामको नयाँ फिचर फेला पारेको छ। यो फिचर हालको 'डियापियरिङ मेसेज' भन्दा फरक र उन्नत हुनेछ। किनकि यसमा म्यासेज पढ्नेबित्तिकै स्वतः गायब हुन्छ र त्यसका लागि कुनै निश्चित समय कुर्नु पर्नेछैन।

हाल ह्वाट्सएपमा 'डियापियरिङ मेसेज' का लागि २४ घण्टा, ७ दिन वा ९० दिनको विकल्प छ। तर अफ्टर रिडिङ फिचर सक्रिय भएपछि मेसेज प्रापकले मेसेज पढ्नेबित्तिकै त्यो च्याटबक्सबाट हट्नेछ। यो भनेको ह्वाट्सएपमा फोटो/भिडियोका लागि उपलब्ध 'भ्यू वन्स' फिचर जस्तै हो। प्रारम्भिक परीक्षणअनुसार यसमा मेसेज पढिएपछि १५ मिनेटभित्र पठाउने र पाउने दुवैको ह्वाट्सएपको इनबक्सबाट त्यो स्थायी रूपमा हट्ने गरेको छ। यदि म्यासेज पढिएको छैन भने पनि त्यो २४ घण्टासम्म च्याटमा रहनेछ र त्यसपछि आफैं डिलिट हुनेछ।

यो सुविधा विशेषगरी ओटिपी, पासवर्ड, बैंक डिटेल्स जस्ता गोपनीय सूचनाहरू सेयर गर्दा उपयोगी हुने अपेक्षा गरिएको छ। यो सँगै प्रयोगकर्ताले 'डिलिट फर एभ्रिवन' जस्ता विकल्प प्रयोग गरेर 'म्यानुअली मेसेज' हटाउनु पर्ने झन्झट पनि कम हुनेछ।

**आइफोन प्रयोगकर्ताका लागि अनुवाद सुविधा**

यसैबीच मेटा प्लेटफर्मले आइफोन प्रयोगकर्ताका लागि इनबिल्ट च्याट ट्रान्सलेसन फिचर पनि परीक्षण गरिरहेको छ। यो सुविधा मार्फत २१ भन्दा बढी भाषामा ह्वाट्सएपमा मेसेजहरू तुरुन्तै अनुवाद गर्न सकिनेछ। यो अनुवाद प्रणाली डिभाइसमै चल्ने भएकाले प्रयोगकर्ताको गोपनीयता पनि सुरक्षित रहने बताइएको छ।

पछिल्लो समयमा डिजिटल प्राइभेसीप्रति प्रयोगकर्ताको चासो तीव्र रूपमा बढिरहेको छ। सिग्नल र टेलिग्रामजस्ता एपहरूले पनि आफैं समाप्त हुने अर्थात् सेल्फ-डिस्ट्रक्टिङ म्यासेज र एन्ड-टु-एन्ड इन्क्रिप्सनलाई प्राथमिकता दिँदै आएका छन्। यही प्रतिस्पर्धात्मक वातावरणमा ह्वाट्सएपले पनि आफ्ना फिचरहरूलाई अझ सुरक्षित र प्रयोगकर्तामैत्री बनाउँदै लगिरहेको देखिन्छ।

यो फिचर हाल एन्ड्रोइड बीटा संस्करण (२.२६.१२.२) मा मात्र परीक्षण भइरहेको छ र अझै यो विकासकै चरणमा रहेको बताइएको छ। परीक्षण सफल भएमा निकट भविष्यमा यसलाई सबै प्रयोगकर्ताका लागि सार्वजनिक रूपमा उपलब्ध गराइने अपेक्षा गरिएको छ। यो फिचर ह्वाट्सएप प्रयोगकर्ताको गोपनीयता सुरक्षाका लागि निकै उपयोगी हुने बताइएको छ। एजेन्सी

# लक्ष्यभन्दा कम राजस्व सङ्कलन

दैनिक समाचारदाता

काठमाडौं, ९ चैत। बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामा वार्षिक लक्ष्यको ३६.२९ प्रतिशत अर्थात् २४ अर्ब ४९ करोड दुई लाख ८७ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

घरजग्गा दर्ता (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारका प्रमुख आयस्रोत मानिन्छन्। आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुनसम्म ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको थियो।

सो लक्ष्यको तुलनामा ४५.१३ प्रतिशत अर्थात् १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार रुपैयाँ मात्र राजस्व सङ्कलन भएको बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा योजना मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिए।

उनका अनुसार, चालु आव २०८२/८३ मा घरजग्गा दर्ता शीर्षकबाट ७ अर्ब ७० करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा पहिलो आठ महिनामा २ अर्ब ५६ करोड दुई लाख चार हजार रुपैयाँ मात्र सङ्कलन भएको छ। त्यस्तै, सवारीसाधन जाँचपास, रुट परमिट, सवारी चालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट ८ अर्ब २५ करोड रुपैयाँ सङ्कलन गर्ने लक्ष्य राखिएकोमा ४ अर्ब ४४ करोड ९३ लाख ४० हजार रुपैयाँ राजस्व प्राप्त भएको छ।

यस्तै, बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करतर्फ ८ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा सो अवधिमा ५ अर्ब ४ करोड ६५ लाख १७ हजार रुपैयाँ सङ्कलन भएको छ।




अन्तःशुल्क करतर्फ ४ अर्ब ३ करोड ७९ लाख ९ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा १ अर्ब ७५ करोड ३ लाख ३६ हजार रुपैयाँ मात्र प्राप्त भएको मन्त्रालयले जनाएको छ।

संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा आठ महिनामा ५३.६० प्रतिशत अर्थात् ७ अर्ब ९४ करोड २७ लाख ५६ हजार रुपैयाँ प्राप्त भएको अधिकृत पौडेलले बताए।

यस्तै, आन्तरिक स्रोतबाट ४ अर्ब ७७ करोड ७४ लाख २५ हजार रुपैयाँ सङ्कलन गर्ने लक्ष्य रहेकामा आठ महिनामा ५२.३५ प्रतिशत अर्थात् २ अर्ब ५० करोड १२ लाख १८ हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ।

आर्थिक तरलताको अभावका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्रीमा कमी आउनु, साथै गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा राजस्व सङ्कलन गर्ने निकायमा भएको क्षतिले अपेक्षाअनुसार राजस्व उठ्न नसकेको अधिकृत पौडेलको भनाइ छ।




# इरानसँग अमेरिकाको वार्ता सकारात्मक, आक्रमण ५ दिनका लागि रोक्ने ट्रम्पको घोषणा

दैनिक समाचारदाता

काठमाडौं, ९ चैत। अमेरिकी



राष्ट्रपति डोनाल्ड ट्रम्पले विगत दुई दिनमा अमेरिका र इरानबीच भएको वार्ता फलदायी बनेको र इरानविरुद्ध हुने अमेरिकी आक्रमणहरू पाँच दिनका लागि रोक्ने निर्णय गरेको बताएका छन्।

ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा 'मध्यपूर्वमा हाम्रा शत्रुताहरूको पूर्ण र समग्र समाधानको सम्बन्धमा धेरै राम्रो र फलदायी कुराकानी' भएको उल्लेख गरेका छन्।

ट्रम्पका अनुसार इरानको ऊर्जा पूर्वाधारमा हुने सबै अमेरिकी आक्रमणहरू पाँच दिनका लागि रोक्ने निर्णय भएको छ।

यसअघि, इरानको राष्ट्रिय रक्षा परिषद्ले इरानी तट वा टापुहरूमा आक्रमण गर्ने कुनै पनि प्रयासले 'फारसको खाडीका सबै सञ्चार लाइनहरूमा माइन (विस्फोटक पदार्थ) बिछ्याइनेछ' भनेको थियो।

इरानलाई होर्मुज स्ट्रेट पुनः खोल्न अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दिएको समयसीमा आज सकिँदैछ।

ट्रम्पको यो घोषणालाई विश्व बजारले सकारात्मक प्रतिक्रिया दिएको छ। बीबीसीका अनुसार, कच्चा तेलको मूल्य १३ प्रतिशतले घटेर प्रति ब्यारेल करिब ९६ डलर पुगेको छ। यसअघि २ प्रतिशत भन्दा बढीले घटेको एफटीएसई १०० सूचकांक अहिले ०.५ प्रतिशतले बढेको छ।

ग्यासको मूल्य १५९ पेन्स प्रति थर्मबाट घटेर करिब १३९ पेन्समा झरेको छ।

यसअघि ५.१२१ प्रतिशत पुगेको बेलायतको १० वर्षे सरकारी बन्डको प्रतिफल (यिल्ड) अहिले घटेर ४.८९ प्रतिशतमा झरेको छ - जुन आज दिनको सुरुवातभन्दा पनि कम हो।

ट्रम्पको सन्देश 'अपरेशन एपिक फ्युरी' सुरु भएयताकै उनको सबैभन्दा मेलमिलापपूर्ण सन्देश रहेको विश्लेषण भएको छ। 'ट्रुथसोसल' मा सबै ठूला अक्षरहरूमा गरिएको एउटा पोस्टमा उनले भनेका छन्, 'म यो जानकारी गराउन पाउँदा खुसी छु कि संयुक्त राज्य अमेरिका र इरान देशबीच विगत दुई दिनमा मध्यपूर्वमा हाम्रा शत्रुताहरूको पूर्ण र समग्र समाधानका सम्बन्धमा धेरै राम्रो र फलदायी कुराकानी भएको छ।'उनले अगाडि थपेका छन्, 'यी गहन, विस्तृत र रचनात्मक कुराकानीहरूको आशय र स्वरको आधारमा, जुन हप्ताभरि जारी रहनेछ, मैले युद्ध विभागलाई इरानी ऊर्जा केन्द्रहरू र ऊर्जा पूर्वाधारहरूविरुद्ध हुने कुनै पनि र सबै सैन्य आक्रमणहरू पाँच दिनको अवधिका लागि स्थगित गर्न निर्देशन दिएको छु, जुन चलिरहेको बैठक र छलफलहरूको सफलतामा निर्भर हुनेछ। यस विषयमा तपाईंहरूको ध्यानाकर्षणका लागि धन्यवाद! राष्ट्रपति डोनाल्ड जे. ट्रम्प।'



# कुटपिट प्रकरणमा ६ विरुद्ध ज्यान मार्ने मुद्दा




दैनिक समाचारदाता
सिरहा, ९ चैत । मोटरसाइकल मर्मतको बिल भुक्तानी विषयमा भएको विवादपछि कुटपिटमा संलग्न ६ जनाविरुद्ध ज्यान मार्ने अभियोगमा मुद्दा दायर गरिएको छ ।

सिरहा नगरपालिका-१२ का २५ वर्षीय आरिफ मियाँ, ५० वर्षीय करिया मियाँ, २० वर्षीय अरमान मियाँ, ३४ वर्षीय हासिम मियाँ, ३० वर्षीय बक्कर मियाँ र २४ वर्षीय नइम दफालीविरुद्ध उक्त अभियोगमा मुद्दा दायर गरिएको सिरहाका प्रहरी प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार आरिफ मियाँ प्रहरी नियन्त्रणमा रहेका छन् भने अन्य फरार अभियुक्तहरूको खोजीकार्य जारी छ। मुद्दा दायर भएका सबै व्यक्ति एउटै वडाका हुन्। ६ चैतमा सिरहा नगरपालिका-१२ सारस्वरमा स्थानीय सलमान मियाँ र हासिम दफाली पक्षबीच मोटरसाइकल मर्मतको बिल भुक्तानी विषयमा विवाद भएको थियो, जुन पछि कुटपिटमा परिणत भएको थियो।घटनामा सलमान पक्षका ४ जना र हासिम पक्षका २ जना घाइते भएका थिए। घाइतेमध्ये एक जनाको उपचार जारी रहेको छ भने अन्यले प्रादेशिक अस्पताल सिरहाबाट उपचारपछि घर फर्किसकेका छन्।

# मटिहानीमा वडा भवन उद्घाटन



दैनिक समाचारदाता
महोत्तरी, ९ चैत । मटिहानी नगरपालिका–८ मा नवनिर्मित वडा भवन सोमबार एक समारोहबीच उद्घाटन गरिएको छ। यससँगै नगरपालिकाले नगरभित्रका नौवटै वडाको प्रशासकीय भवन निर्माण सम्पन्न भएको जनाएको छ।

नगरप्रमुख हरिप्रसाद मण्डलले भवन उद्घाटन गर्दै सबै वडामा आफ्नै प्रशासकीय भवन निर्माण भएपछि सेवाप्रवाह थप प्रभावकारी र सहज हुने बताए। उनले नगरवासीको सहयोगबाट निर्माण सम्पन्न भएको उल्लेख गर्दै यसले जनसेवा प्रवाहमा सुधार ल्याउने विश्वास व्यक्त गरे।

वडा कार्यालय भवन निर्माणका लागि वडा नं. ८ का कार्यपालिका सदस्य अरुण कुमार नाहरले करिब १६ धुर जग्गा नि:शुल्क उपलब्ध गराएको उल्लेख गर्दै सबैको सहयोगले भवन समयमै सम्पन्न भएको बताएको छ।

वडासचिव जीवेन्द्रकुमार कर्णका अनुसार दुई तले भवन नेपाल सरकारको समपूरक अनुदान र नगरपालिकाको ९५ लाख ११ हजार २२७ रुपैयाँ (भ्याटसहित) लागतमा निर्माण गरिएको हो। भवनमा पाँच वटा कोठा, सभा हल, स्टोर रुम, शौचालय तथा बाथरुम रहेका छन्। वडा कार्यालय आठ वर्षदेखि साँघुरो भाडाको भवनबाट सञ्चालन हुँदै आएको थियो। अब आफ्नै सुविधासम्पन्न भवन बनेपछि सेवा लिन सहज हुने अपेक्षा गरिएको छ।

उद्घाटन कार्यक्रममा जग्गादाता अरुण कुमार नाहरलाई दोसल्लासहित सम्मान गरिएको थियो। कार्यक्रममा उपप्रमुख मञ्जु देवी साह, वडाध्यक्ष मदन चौधरीलगायतले पनि मन्तव्य व्यक्त गरेका थिए।

# सुशीला सरकारलाई छलफलमा बोलाउने आदेश



दैनिक समाचारदाता
काठमाडौं ९ चैत । दश वर्षको द्वन्द्वकालमा सहिद भएका पीडित परिवारले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले विभेद र अपमान गरेको भन्दै सर्वोच्च अदालतमा दायर रिटमा सरकारलाई छलफलमा बोलाउने आदेश दिएको छ ।

उनीहरूले दायर गरेको रिट न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले आगामी चैत १५ का लागि सरकारलाई छलफलमा डाकेको छ । सर्वोच्चले सरकारसँग उक्त विवादमा लिखित जवाफ समेत माग गरेको छ ।

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा (नेपाल कम्युनिस्ट पार्टी) माओवादीद्वारा हत्या गरिएका र नेपाल सरकारद्वारा सहिद घोषित नर बहादुर देवकोटाकी पत्नी गोरखा बारपाक सुलिकोटकी होम कुमारी बजगाईं देवकोटा, बलराम पोखरेलको पत्नी गोरखा सिरानचोककी कल्पना पोखरेल, शिव प्रसाद अधिकारीको छोरी गोरखा अजिरकोटकी स्वस्तिका अधिकारी, विष्णुदत्त शर्मा दवाडीको छोरी गोरखा अजिरकोटकी इन्दिरा दवाडी र सहिद टिकाराज आरणको छोरा अधिवक्ता ज्ञानेन्द्रराज आरणले संयुक्त रिट दर्ता गरेका थिए ।

दश वर्षे द्वन्द्वकालमा सहिद भएका पीडित परिवारले संसद् भवनमा जेनजी सहिदहरूको सालिक निर्माण, जेनजी सहिद स्मारक पार्क र अनुदान उपलब्ध गराउने मन्त्रिपरिषद्को निर्णयमा विभेदको प्रश्न उठाउँदै रिट दायर गरेका छन्।

प्रधानमन्त्री सुशीला कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्य सचिव, गृह मन्त्रालय, अर्थ मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालयलगायतलाई विपक्षी बनाएर निर्णय कार्यान्वयनमा रोक लगाउन रिटमा माग गरिएको छ।

सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद्ले नवनिर्मित संसद् भवनमा जेनजी सहिदको सालिक राख्ने, प्रत्येक वर्ष भदौ २३ गतेलाई जेनजी सहिद दिवस मनाउने, अन्तर्राष्ट्रिय खेलकुद परिसर सातदोबाटोमा जेनजी सहिदका सालिक र जेनजी सहिद स्मारक पार्क निर्माण, जेनजी कल्याणकारी सहिद परिवार समाजलाई अनुदान उपलब्ध गराउने लगायत निर्णय लिएको थियो ।

मन्त्रिपरिषद्को २०८२ माघ २० को निर्णय अनुसार भएको उक्त निर्णयले द्वन्द्वकालका सहिदमाथि विभेद र अपमान गरेको प्रश्न पीडित परिवारले उठाएका छन्।

# फरार अभियुक्तसहित दुई जना पक्राउ

दैनिक समाचारदाता
राजविराज,९ चैत । सप्तरी प्रहरीले भ्रष्टाचार मुद्दामा सजाय पाएका फरार अभियुक्तसहित दुई जना अभियुक्तलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवक् सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले राजविराज नगरपालिका ५ निवासी युगेश्वर यादवलाई भ्रष्टाचार तथा घुस रिसवत मुद्दामा पक्राउ गरिएको बताउनुभयो । यादवलाई पाँच महिना १५ दिन कैद सजाय तोकिएपछि फरार रहेको उहाँले बताउनुभयो ।

यसैगरी, चोरी मुद्दामा फरार रहेका जिल्लाकै शम्भुनाथ नगरपालिका-४ निवासी निरजकुमार ठाकुरलाई समेत प्रहरीले पक्राउ गरेको छ । उहाँलाई एक महिना कैद र ७५ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । अदालतको फैसला कार्यान्वयनका क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ परेका दुवै जना अभियुक्तलाई कारबाहीका लागि आइतबार सप्तरी जिल्ला अदालतमा पेश गरिएको प्रनाउ पुरीले जानकारी दिनुभयो ।

# सुन-चाँदीको भाउमा गिरावट

दैनिक समाचारदाता
काठमाडौं, ९ चैत । सोमबार सुनको भाउ प्रतितोला ६ हजार ५ सय रुपैयाँले घटेको छ। अघिल्लो दिन पनि १२ हजार ५ सय रुपैयाँले घटेको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबारका लागि सुनको भाउ प्रतितोला २ लाख ७५ हजार ५ सय रुपैयाँ निर्धारण गरिएको छ। अघिल्लो दिन २ लाख ८२ हजार रुपैयाँमा कारोबार भएको सुन एक सातामै ३४ हजार रुपैयाँले घटेको छ।गत सोमबार प्रतितोला ३ लाख ९ हजार ५ सय रुपैयाँमा कारोबार भएको सुनको भाउ माघ १५ गते हालसम्मकै उच्च ३ लाख ३९ हजार ३ सय रुपैयाँ पुगेको थियो।पश्चिम एसियामा बढेको द्वन्द्वका कारण तेलको मूल्य वृद्धि भएसँगै अमेरिकी डलरको माग बढ्नु र सुन बिक्रीबाट डलर व्यवस्थापन गर्नुपर्ने अवस्थाले सुनको भाउ घट्न पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।त्यस्तै, सोमबार चाँदीको भाउ पनि प्रतितोला ११५ रुपैयाँले घटेर ४ हजार ४२५ रुपैयाँ कायम भएको छ। अघिल्लो दिन ४ हजार ५४० रुपैयाँमा कारोबार भएको चाँदी एक सातामै ८४० रुपैयाँले घटेको छ।गत सोमबार चाँदी प्रतितोला ५ हजार २६५ रुपैयाँमा कारोबार भएको थियो भने माघ १५ गते हालसम्मकै उच्च ७ हजार ५०५ रुपैयाँ पुगेको थियो।

# सिटअनुसार संसदीय कार्यालय व्यवस्थापन




दैनिक समाचारदाता
काठमाडौं, ९ चैत । संघीय संसद् सचिवालयले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूका लागि सिट संख्याका आधारमा संसदीय दलका कार्यालयहरूको व्यवस्थापन गरेको छ।

सिंहदरबारमा नयाँ संसद् भवन निर्माण सम्पन्न नभएकाले हाल संसद् सचिवालय परिसरभित्रकै संरचनामा दलका कार्यालयहरू व्यवस्थापन गरिएको हो। फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि दलहरूको सिट संख्यामा आएको परिवर्तनअनुसार कार्यालय व्यवस्थापन गरिएको संघीय संसद्का प्रवक्ता एकराम गिरीले जानकारी दिए। संसद् सचिवालयले नेपाली कांग्रेस र नेकपा एमालेका लागि साबिककै संसदीय दलको कार्यालय कायम राखेको छ भने यसअघि नेकपाले प्रयोग गर्दै आएको कार्यालय राष्ट्रिय स्वतन्त्र पार्टीलाई उपलब्ध गराइएको छ।

त्यस्तै, यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीले प्रयोग गर्दै आएको कार्यालयमा नेकपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई व्यवस्थापन गरिएको प्रवक्ता गिरीले बताए। उनका अनुसार यो व्यवस्था हालका लागि अस्थायी हो र नयाँ भवन निर्माण सम्पन्न भएपछि संसद् तथा संसदीय गतिविधि त्यहीँबाट सञ्चालन गरिनेछ। यसैबीच, प्रतिनिधिसभा निर्वाचनबाट निर्वाचित सदस्यहरूको पद तथा गोपनीयताको शपथ ग्रहण नयाँ संसद् भवनको बहुउद्देश्यीय हलमा हुने संसद् सचिवालयले जनाएको छ।

# आजको तापक्रम पूर्वानुमान



दैनिक समाचारदाता
काठमाडौं ९ चैत । जल तथा मौसम विज्ञान विभागले सोमबारका लागि देशका प्रमुख सहरहरूको तापक्रम पूर्वानुमान सार्वजनिक गरेको छ। विवरणअनुसार आज विराटनगर, जनकपुर, सिमरा, नेपालगञ्ज र धनगढीमा अधिकतम तापक्रम २८ देखि ३० डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको छ। संघीय राजधानी काठमाडौंमा अधिकतम तापक्रम २१ देखि २३ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ९ देखि ११ डिग्री सेल्सियसबीच रहनेछ। पर्यटकीय सहर पोखरामा अधिकतम तापक्रम २२ देखि २४ डिग्री सेल्सियस रहने पूर्वानुमान छ। त्यसैगरी, जोमसोममा न्यूनतम तापक्रम १ देखि ३ डिग्री सेल्सियस, जिरीमा ३ देखि ५ डिग्री सेल्सियस र जुम्लामा ४ देखि ६ डिग्री सेल्सियस रहने विभागले जनाएको छ। यस्तै, धरान र भैरहवामा तापक्रम २९ डिग्री सेल्सियससम्म पुग्नेछ भने ओखलढुङ्गा र ताप्लेजुङजस्ता पहाडी जिल्लाहरूमा मौसम तुलनात्मक रूपमा शीतल रहने विभागले जनाएको छ।

## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : निशा ठाकुर
ठेगाना : जि.ध.मिथिला बिहारी नगरपालिका-४ कजरा
हाल : जनकपुरधाम उपमहानगरपालिका वडा नं. १४
सिम्बल नं. : ३९९५
रजि नं. : १४२-६-२-०८१९६-२०१०
सम्पर्क नं. : ९८४४०२६९९०

**अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस**
www.esamachardainik.com

**यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि**
सम्पर्क : इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४